राप्ती गाउँपालिकाले आफ्नो गाउँपालिका भित्र भवन निमार्ण तथा योजना मापदण्ड २०७५ लागु हुनु भन्दा अगावै वनेका घर तथा अन्य भवनहरुको अभिलेखिकरण गर्नै कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस राप्ती गाँउ कार्यपालिकाले मिति २०७५/०२/११ मा यो कार्यविधी स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधीको नाम "राप्ती गाउँपालिको घर नक्शा अभिलेखिकरण कार्यविधी, २०७५" रहेको छ ।

ख. यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा–

क. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ख. " प्रमुख प्रशासकिय अधिकृत " भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

ग. " कार्यविधी " भन्नाले "राप्ती गाउँपालिको घर नक्शा अभिलेखिकरण कार्यविधी, २०७५" सम्झनु पर्दछ ।

घ. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।सो शब्दले वडा कार्यालय समेतलाई जनाउने छ ।

ङ. "परामर्शदाता" भन्नाले घर नक्शा सम्बन्धि प्राविधिक सेवा उपलब्ध गराउने यस गाउँ पालिकामा सूचिकृत परामर्शदातालाई सम्झनु पर्दछ ।

च. इन्जिनियर भन्नाले सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण गरी नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्राविधिक कर्मचारी वा परामर्शदातालाई वुभिmने छ ।

छ. सव इन्जिनियर भन्नाले सम्बन्धित विषयमा डिप्लोमा उत्तिर्ण भएको प्राविधिक कर्मचारी वा परामर्शदातालाई वुभिmने छ ।

ज. अमिन भन्नाले जग्गाको नापजाचँ गर्न अधिकार प्राप्त प्राविधिक कर्मचारी वा परामर्शदातालाई वुभिmने छ ।

झ. ब्लु प्रिन्ट तथा ट्रेस नक्सा भन्नाले नापी शाखा/ कार्यालयबाट जारी जग्गा नापजाचँको आधिकारिक लिखतलाई वुभिmन्छ ।

ञ. आवश्यक कागजात भन्नाले दफा ३ मा उल्लेखित कागजातलाई वुभिmन्छ ।

**३. कार्यविधि लागू हुने अवधी र क्षेत्र** (१) यो कार्यविधि प्रथम गाउँसभाको निणर्यनुसार २०७५/०५/ २६ सम्म राप्ती गाउँपालिका भर लागु हुनेछ । गाउँ सभाले अन्यथा ब्यवस्था गरेकोमा सोही अवधी भर लागु हुनेछ ।

**४. घर नक्सा अभिलेखिकरण गर्दा पेश गर्नु पर्ने कागजातहरु**

कार्यालयले घर नक्सा अभिलेखिकरण गर्दा देहायको कागजातहरु पेश गर्न लगाई आवश्यक जाँचवुझ गर्नु पर्ने छ ।

१) घर धनीको नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति
२) जग्गाधनी प्रमाण पुर्जाको छाँयाप्रति
३) कित्ता नं स्पष्ट देखिने ब्लू प्रिन्ट
४) ट्रेस नक्सा
५) ३ प्रति फोटो
६) घर नक्शा अभिलेखिकरण दरखास्त फारामको अनुसूचि १ बमोजिमको निवेदन
७) अभिलेखिकरण गर्नु पर्ने घरको सूचीकृत परामर्शदाताले बनाएको नक्सा
८) अनुसूचि २ र अनुसूची ३ बमोजिमको नक्सा बनाउने प्राविधिकले उल्लेख गर्नु पर्ने विवरण पुर्ण रुपमा भरिएको फाराम
९) घर नक्शा अभिलेखिकरण दरखास्त फाराम किनेको नगदी रसिद ।

**५ घर नक्शा अभिलेखिकरणको प्रकृया**

१) घर नक्शा अभिलेखिकरण दरखास्त फारामको अनुसूचि १ बमोजिमको निवेदन साथ अनुसूचि २ र अनुसूचि ३ बमोजिमको नक्सा बनाउने प्राविधिकले उल्लेख गर्नु पर्ने विवरण पुर्ण रुपमा भरिएको फारामको प्राप्ती ।
२) वडा कार्यालयमा नक्शा दर्ता ।
३) वडा कार्यालयबाट अनुसूचि ४ वमोजिमको सधियारको नाममा जारी गरिएको १५ दिने सूचना टाँस र सधियारको नाममा जारी गरिएको १५ दिने सूचना टाँस गरेको अनुसूचि ५ बमोजिमको मुचुल्का तयारी ।
४) अनुसूचि ५ वमोजिमको सधियारको नाममा जारी गरिएको १५ दिने सूचना टाँस गरेको १५ औ दिन पश्चात अनुसूचि ६ वमोजिमको सर्जमिन मुचुल्का सहित वडा कार्यालयमा उजुरी परे /नपरेको ब्यहोरा खुलाई गाउँ कार्यपालिकाको कार्यालय, भवन तथा वस्ती विकास इकाइमा नक्शा चेक जाचँका लागी पेश हुने ।
५) चेक जाचँ गर्दा ठिक देखिएमा तोकिए वमोजिमको राजश्व वुझाई नगदी रसिद सहित भवन तथा वस्ती विकास इकाइमा नक्शा फाइल पुनः पेश हुने । चेक जाचँ गर्दा ठिक नदेखिएमा परामर्शदाताकोमा फिर्ता पठाउने ।

६) चेक जाचँ गर्दा ठिक देखिएको नक्शा गाउँ कार्यपालिकाको कार्यालयमा फाइल पेश भएको सात दिन भित्र अनुसूची ७ वमोजिमको ढाचाँमा सुपरस्ट्रक्चर निमार्ण कार्यको स्थलगत निरीक्षण गर्ने प्राविधिकहरुको राय प्राप्ती ।

७) घर धनीले गाउँपालिका समक्ष अनुसूची ८ वमोजिम कबुलियतनामा गर्ने ।

८) सुपरस्ट्रक्चर निमार्ण कार्यको स्थलगत निरीक्षण गर्ने प्राविधिकहरुको राय प्राप्ती भएको सात दिन भित्र अनुसूचि ९ वमोजिमको विवरण तयार गरी अनुसूचि १० वमोजिम घरनक्शा अभिलेखिकरण प्रमाण पत्र जारी गर्ने ।

**६ घर नक्शा अभिलेखिकरण उपर जाचँवुझ गर्न र घर नक्शा अभिलेख प्रमाणपत्र रद्ध गर्न सक्ने**

१) घर नक्शा अभिलेखिकरणमा अनावश्यक ढिलाई भएमा वा अन्य कुनै कारणले ढिलाई हुन गएमा गाउँपालिका अध्यक्षले जाचँवुझ गर्न सक्नेछ ।

२) त्रुटीपूर्ण तरिकाले वा गलत विवरण वझाएको वा ढाटी झुक्काएको कारणबाट जारी भएका घर नक्शा अभिलेख प्रमाण पत्र जुनसुकै वखत रद्ध गर्न सकिने छ ।

# अनुसूचीहरु